# शाखारहित बैंकिङ्ग सेवा बन्द गरिएको सूचना

सूचना प्रकाशित मितिः ..................................

ताप्लेजुङ्ग शाखा अन्तर्गत आठराई त्रिवेणी गाउँपालिका-२, फुलबारी, ताप्लेजुङ्ग जिल्लामा सञ्चालन हुदै आएको शाखा रहित बैंकिङ्ग सेवा नेपाल राष्ट्र बैंकको अनुमति अनुसार मिति २०८२/०२/०८ देखि स्थायी रुपमा बन्द गरिएको ब्यहोरा जानकारी गराउँदछौं । अव उप्रान्त शाखा रहित बैंकिङ्ग सेवाको लागि यस अघि नियुक्त गरिएको अभिकर्ता श्री सोम विमली वा निजसंग सम्बन्धित अन्य कुनै व्यक्ति मार्फत बैंक सम्बन्धी कुनै पनि वित्तीय कारोबार नगर्नु/नगराउनु हुन तथा निज अभिकर्ता श्री सोम विमली सँग कुनै पनि ग्राहकहरुको बैकिङ्ग कारोबार बाँकी रहेको खण्डमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको सम्बन्धित ताप्लेजुङ्ग शाखा कार्यालय वा केन्द्रिय कार्यालय हात्तीसार काठमाण्डौंमा सम्पर्क गर्नु हुन सर्बसाधरण तथा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

अतः उक्त मिति पश्चात पनि निज अभिकर्ता वा निजसंग सम्बन्धित ब्यक्तिसंग यस बैंकको नाउँबाट कुनै वित्तीय कारोबार गर्नु भएमा सो को जिम्मेवारी कारोबार गर्ने कै हुने हुँदा सो को जिम्मेवारी यस बैंकले नलिने ब्यहोरा समेत जानकारी गराउँदै हालसम्म शाखा रहित बैकिङ्ग मार्फत कारोबार गर्दै आईराख्नु भएको ग्राहकहरुले आफुलाई पायक पर्ने सिद्धार्थ बैंकको कुनै पनि शाखा मार्फत कारोबार गर्न हुन समेत अनुरोध गर्दछौं ।

यस सम्बन्धमा कुनै जिज्ञासा भएमा बैंकको सम्बन्धित ताप्लेजुङ्ग शाखा कार्यालयको सम्पर्क नम्बर ०२४-४६१०५६ वा केन्द्रीय कार्यालयको ग्राहक सेवा सम्पर्क नम्बर ०१-५९७००२० मा तुरुन्त सम्पर्क गर्न अनुरोध गर्दछौं । शाखा रहित बैंकिङ्ग सेवा बन्द भई आदरणीय ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति हामी क्षमाप्रार्थी छौं ।


Siddhartha Bank

**Head Office:** Naxal, Kathmandu, Nepal
**P.O. Box:** 13806, **Ph:** 01-5970720 / 5970020
**SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np
**Web:** www.siddharthabank.com